आज मिति २०८१ साल चैत्र २० गतेका दिन आठबीस नगरपालिकाका नगर प्रमुख श्री तर्क बहादुर बडुवालज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिलका पदाधिकारीज्यूहरुको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.सं. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री तर्क बहादुर बडुवाल | |
| २ | नगर उप प्रमुख | श्री कल्पना कुमारी थापाचन्द | |
| ३ | १ नं. वडा अध्यक्ष | श्री बम बहादुर रावत | |
| ४ | २ नं.वडा अध्यक्ष | श्री कलम कामी | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री नगेन्द्रराज कार्की | |
| ६ | ४ नं. वडा अध्यक्ष | श्री टेक बहादुर माझी | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री बजर सिं वि.क. | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री नवराज शर्मा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री जैसिंह कठायत | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अदल शाही | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री शेर बहादुर सिजापती | |
| १२ | नगर कार्यपालिका सदस्य | श्री विरेन्द्र बहादुर [illegible] माझी | |
| १३ | नगर कार्यपालिका सदस्य | श्री हरिकला माझी | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री हजुरा कुमारी भण्डारी | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री विर बहादुर नेपाली | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री सेतु नेपाली | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री तारा विश्वकर्मा | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री विमला वि.क. | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री दयाराम वि.क. | |
| २० | प्रमुख प्रशासकीय अधिकृत | श्री दिल बहादुर शाही | |
| २१ | सहायक स्तर चौथो | श्री बरकत बहादुर विश्वकर्मा | |

आठवीस नगरपालिकाको मिति २०८१ साल चैत्र २० गते बसेको ११०औ बैठकको निर्णयहरु

निर्णय नं. १.

यस आठवीस नगरपालिकाको वडा नं ८ स्थित नाउलिमा संचालित श्री कृष्ण भक्त वालविकास केन्द्रको भवन निर्माण कार्यको लागि जग्गा उपलब्ध नभएकोले साविक तिलेपाटा गाविस वडा नं ७ हाल आठवीस नगरपालिका वडा नं ८ नाउली बस्ने श्री कर्णसिंह बोहराका छोरा श्री कृष्ण वहादुर वोहरा र नर बहादुर बोहराको नाममा रहेको कित्ता नं ६७८ को २४५ वर्गमिटर क्षेत्रफल भएको जग्गा वालविकास केन्द्रको नाममा निशुल्क दान दिनु हुने भएकोले उक्त जग्गा वालविकास केन्द्रको नाममा नामसारी पास गर्नको लागि मालपोत कार्यालय दुल्लु दैलेखलाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. २.

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयको मिति २०८१ फागुन २० गते प्रकाशित विकास आयोजनाको लागि प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना अनुसार यस नगरपालिकावाट देहाय वमोजिमको योजना आगामि वर्ष २०८२/८३ को लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

प्रस्तावित आयोजनाको नामः ढुङ्गाको टायल, तितेपाथिको तेल, टिमुरको तेल र अल्लोको धागो उत्पादन गर्ने कार्यक्रम

दिल बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत